
# लेखापरीक्षण प्रतिवेदन
# अर्घाखाँची
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | खानेपानी तथा सरसफाई डिभिजन | ३ |
| ३.२ | जिल्ला विकास समितिको कार्यालय | ४ |
| ३.३ | जिल्ला प्राविधिक कार्यालय | १० |
| ३.४ | जिल्ला शिक्षा कार्यालय | ११ |
| ३.५ | जिल्ला स्वास्थ्य कार्यालय | १४ |
| ३.६ | सिंचाई विकास डिभिजन | १६ |
| ३.७ | सालभ्हण्डी सन्धिखर्क ढोरपाटन सडक योजना | १८ |
| ४ | आन्तरिक लेखापरीक्षण | १९ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २० |
| अनुसूची २ : | बेरुजूको स्थिति | २१ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | २२ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | २४ |

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ७ कार्यालयको विस्तृत र २५ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३२ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब ६५ करोड ५६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ९ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १४४ र रु. १० करोड ७९ लाख ५७ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अवधिसम्म ७ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ४१ दफा र रु. ३२ लाख ४२ हजार मिलान गरी ९ कार्यालयको दफा १०३ र रु. १० करोड ४७ लाख १५ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी कार्यालयगत व्यहोरा र बांकी दफा संख्या कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.५० हजार र प्रतिक्रियाबाट रु.३० हजार समेत रु.८० हजार असूल भएको छ ।

बांकी बेरुजूमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ८ हजार, अनियमित रु.४ करोड ६३ लाख २ हजार र पेश्की रु.५ करोड ६९ लाख ५ हजार रहेको छ । यस सम्बन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानूनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुर्‍याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानी नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिव कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानी नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

## कार्यालयगत लेखापरीक्षण व्यहोरा

## खानेपानी तथा सरसफाई डिभिजन

१ **आन्तरिक नियन्त्रण प्रणाली -** कार्यालयले प्रचलित ऐन नियममा भएको व्यवस्थालाई पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई सुधार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश कार्यालयले व्यहोर्न नपर्नेमा व्यहोरेको, भ्रमण प्रतिवेदन नराखेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनको कार्यान्वयन नगरेको, खर्च भएका सबै बिल भरपाई प्रमाणित गरी छाप लगाई नराखेको, राजस्व आम्दानीतर्फ प्रयोग गर्नुपर्ने फाराम प्रयोग नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा नियमको व्यवस्था बमोजिम गरी सुधार गर्नुपर्दछ ।

२ **दरवन्दी तथा पदपूर्ति -** खानेपानी तथा सरसफाई डिभिजन प्रमुख र ४ जना इन्जिनियरको दरवन्दी भएकोमा ३ जना इन्जिनियर रिक्त रहेको छ । रिक्त पदपूर्तिको व्यवस्था मिलाई कार्यक्रमको कार्यान्वयन, लागत अनुमान, ड्रइङ्ग डिजाइन, नापजाँच, अनुगमन तथा मूल्याङ्कनको कार्यलाई सहजीकरण बनाई  कार्यालयको उद्देश्य परिपूर्ति गनुपर्दछ ।

३ **लक्ष्य तथा प्रगति -** कार्यालयले पेश गरेको वार्षिक प्रगति प्रतिवेदन अनुसार ६६ खानेपानी तथा सरसफाई आयोजनामध्ये २५ प्रतिशतभन्दा घटी भएको एक आयोजनामा रु.२,९२,०००।- खर्च भएको छ । ५० प्रतिशतभन्दा घटी प्रगति भएको १ आयोजनामा रु.४,९०,०००।- खर्च भएको छ भने ७५ प्रतिशतभन्दा घटी प्रगति भएका ५ आयोजनामा रु.७४,६०,०००।- खर्च भएको देखिन्छ । आयोजनाको भौतिक प्रगति कम हुनाको कारण पहिचान गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ थप प्रयास हुनुपर्दछ ।

४ **आयोजना कार्यान्वयन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा व्यवस्था भए बमोजिम अनुसूची ३ को आधारमा योजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाको विवरण अनुसार बजेटको अभावमा क्रमागत तथा बहुवर्षिय योजनाहरुमध्ये गोललाउने खानेपानी योजना २० वर्ष र हंशपुर रतनमारे खानेपानी योजना ३३ वर्ष पछि सम्पन्न हुने देखिन्छ । आवश्यक बजेट व्यवस्था गरी समयमै आयोजना कार्यान्वयन हुनुपर्दछ ।

५ **चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयबाट चौमासिक रुपमा कार्य नहुंदा अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको छैन । कार्यालयले कुल खर्च रु.१० करोड ४१ लाख १ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.२५ लाख ५ हजार (२.४१ प्रतिशत), दोस्रो चौमासिकमा रु.२ करोड १९ लाख ४ हजार (२१.०४ प्रतिशत) र तेस्रो चौमासिकमा रु.७ करोड ९६ लाख ९२ हजार (७६.५५ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.५ करोड ११ लाख ५१ हजार (४९.१४ प्रतिशत) खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा बढी खर्च गर्ने परिपाटीले गुणस्तरीय कार्य नहुने साथै खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने नियमको व्यवस्थाको समेत परिपालना नहुने भएकोले यसमा सुधार गर्नुपर्दछ ।

६ **कन्टिन्जेन्सी खर्च -** खानेपानी तथा ढल निकास विभागको २०७३।१।३० को पत्रानुसार २०७२।७३ को पूँजीगत खर्चको ५ प्रतिशत कन्टिन्जेन्सीमध्ये २ प्रतिशत रकम अर्थ मन्त्रालयको सहमति लिई गाडी खरिद गर्ने गरी विभागले माग गरेबमोजिम २ प्रतिशतले हुने कन्टिन्जेन्सी रकम रु.१२,७०,४००।-

बजेट खर्च लेखी नगदै खानेपानी तथा ढल निकास विभागमा पठाएको छ । खर्च पुष्टि हुने बिल भरपाई समेतका कागजात संलग्न गरी खर्च लेख्नुपर्नेमा सो भएको छैन ।

७ **मुल्यवृद्धि समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ बमोजिम मूल्य समायोजन गर्न सकिने व्यवस्था छ । दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना र एक निर्माण व्यवसायी. बीच २९ डिसेम्बर २०११ मा भएको सम्झौताको जिसिसि र एससिसि मा उल्लिखित नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको नेशनल होलसेल प्राइम इण्डेक्स बमोजिम पछिल्लो भुक्तानीमा समायोजन गर्दै जानुपर्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम दोस्रो साना शहर खानेपानी तथा सरसफाई आयोजनाले मूल्य समायोजन भनी आई.पी.सी. १६ मा रु.१४,३४,६७७- दावी गरी भुक्तानी लिएकोमा सो अवधिको प्राइस इण्डेक्स प्रकाशन भएको प्रमाण तथा सम्झौतामा अपनाएको सूत्र एवं विधि समेत संलग्न नभएकोले मूल्य समायोजन भुक्तानी खर्च प्रति आश्वस्त हुने अवस्था छैन ।

८ **समितिको अंश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) बमोजिम उपभोक्ता समितिबाट कार्य गराउंदा उपभोक्ता समिति वा सेवाग्राहीसँग सम्झौता गर्दा व्यहोर्नुपर्ने अंश किटान गरी सम्झौता गर्नुपर्ने र हरेक किस्ता कामको प्राविधिक मूल्याङ्कनको आधारमा मूल्य अभिवृद्धि कर, कन्टिन्जेन्सी खर्च र जनसहभागिताको अंश कटाई मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट भएका कार्यमा कामको प्राविधिक मूल्याङ्कन कम भएको अवस्थामा सोही आधारमा अनुपातिक रुपमा रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन । बहुवर्षिय आयोजना भएकोले क्रमशः उपभोक्ता समितिको अंश मिल्दै जाने भन्ने कार्यालयको भनाई रहेको छ ।

९ **पाइप मौज्दात -** यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न साइजका ११ प्रकारका पाइप मौज्दात रहेको देखियो । पाइप मौज्दात राख्दा चोरी हुन सक्ने, खिया लागी प्रयोग विहिन हुन सक्ने जस्ता जोखिमलाई न्यूनीकरण गर्न आवश्यकताको पहिचान गरी पाइप खरिद गर्नुपर्दछ ।

१० **उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.६० लाख रुपैंयासम्म लागत भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । यो वर्ष ५८ आयोजनामध्ये ३८ खानेपानी आयोजनाको लागत अनुमान रु.६० लाखभन्दा बढी भएको र ती आयोजनाहरुको काम उपभोक्ता समितिबाट गराएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने कार्यमा मितव्ययिता र गुणस्तरीयता अभिवृद्धिमा ध्यान नपुगेमा योजनाको दीगोपनामा समेत असर पर्न जान्छ । यस सम्बन्धमा आयोजना ठुला भएपनि वहुवर्षिक हुने र क्रमिक रुपमा वर्षेनी बजेट निकासा हुदैं जाने हुंदा उपभोक्ता समिति मार्फत गराउने गरिएको भन्ने कार्यालयको भनाई रहेको छ ।

११ **स्थलगत अवलोकन -** कार्यालयको २०७२।७३ को लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा रु.४ करोडको लागत अनुमानमा २०६४ देखि सञ्चालित ठूलाखर्क भुल्के खानेपानी आयोजना अधुरो अवस्थामा रहेको देखियो । वाङला खानेपानी आयोजनाको पानी सङ्कलन गर्ने ट्याकीको ढोका खुलै रहने अवस्था देखियो । अधुरो अवस्थामा रहेको आयोजनाका लागि बजेट व्यवस्था गरी सम्पन्न गर्न र पानी टैङ्कीको सुरक्षाको उपयुक्त उपाय अवलम्बन गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण -** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा, वार्षिक खरिद योजनाको

कार्यान्वयन नगरेको, पेश्की फिर्ता दाखिलामा रकममा व्याज लिने नगरेको, भ्रमण खर्चको भ्रमण प्रतिवेदन राख्ने नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनको कार्यान्वयन नगरेको, जिन्सी खाता अद्यावधिक नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानीको छाप लगाई नराखेको, परियोजनाको सम्भावित जोखिम पहिचान नगरेको, आन्तरिक लेखापरीक्षण शाखाले बेरुजूको लगत नराखेको, अनुगमन, सम्परीक्षण र असुलको लागि ताकेता नगरेको, आन्तरिक लेखापरीक्षकले औंल्याएका बेरुजूहरु फछ्यौट गर्न र सोको लगत कट्टा तथा सुझाव कार्यान्वयन नगरेको, परिषदले पारित नगरेका ४ वटा योजनामा रु.५२ लाख १ हजार खर्च गरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित कानूनी व्यवस्था परिपालन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

२. **स्रेस्ता अनुगमन** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ। तदनुरुप उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने व्यवस्था भए तापनि यो वर्ष लेखा दुरुस्त राखे नराखेको सम्बन्धमा अनुगमन गरेको छैन । त्यस्ता कार्यक्रमको कार्यान्वयन र प्रभावकारीतालाई प्रत्यक्ष प्रभाव पार्ने भएकोले अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

३. **करारमा कर्मचारी नियुक्ति** - स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयां नियुक्ति, बढुवाद्धारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ। कार्यालयले १ वर्षभन्दा बढी रिक्त पदहरुमा करारमा ८ कर्मचारी नियुक्ति गरी तलब भत्तामा रु.२६,९१,८५४।- खर्च गरेको छ ।

४. **वित्तीय विवरण** - एक कर्मचारीले विभिन्न कार्यक्रम सञ्चालन गर्न लिएको रु.१,४०,०००।- पेश्की फछ्र्योट गर्दा रु.१,०७,४२५।- बिल भरपाई र २०७३।४।१४ मा रु.३२,५७५।- बेरुजू दाखिला गरेको रकमलाई समेत खर्च मानी पेश्की फछ्र्यौट भएको तथा एक फिल्ड अधिकृतले रु.१,२५,०००।- पेश्की लिई तालिम सञ्चालन गरी पेश्की फछ्र्यौट गरेकोमा रु.१ लाख ४ हजारको मात्र खर्च गरी बिल भरपाई पेश गरेको र बाँकी रु.२१ हजार २०७३।४।३ मा राजस्व दाखिला गरेको भौचर संलग्न गरी पेश्की फछ्र्यौट गरेकोले पछिल्लो आर्थिक वर्षमा राजस्व दाखिला भौचर समेत अघिल्लो आर्थिक वर्षमा खर्च देखाएकोले प्रस्तुत वित्तीय विवरणले वास्तविक खर्च चित्रण गरेको छैन ।

५. **लक्ष्य प्रगति** - कार्यालयले पेश गरेको २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार ४६८ कार्यक्रम तथा योजनाहरुमध्ये यो वर्ष २५, ५० र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरुको संख्या क्रमशः ५, ७, ३ रहेको छ भने जिल्ला विकास समितिको आन्तरिक कोष लगायत १७ कार्यक्रमको प्रगति शून्य रहेको छ ।

६. **खर्च स्थिति** - कुल पूँजीगत खर्च रु.४८ करोड ६३ लाख २३ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.८ करोड ९२ लाख २९ हजार (१८.३५ प्रतिशत), दोस्रो चौमासिकमा रु.१३ करोड ५९ लाख १५ हजार (२७.९५ प्रतिशत) र तेस्रो चौमासिकमा रु.२६ करोड ११ लाख ७९ हजार (५३.७० प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१४ करोड १८ लाख ६१ हजार (२९.१७ प्रतिशत) खर्च गरेको पाइयो ।

७. **ठेक्का प्रतिष्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। लेखापरीक्षणमा प्रेषित बोलपत्र बिवरण अनुसार १६ योजनाको लागि ५४० बोलपत्र बिक्री भएकोमा ५१ बोलपत्र मात्र दाखिला भएको छ। बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा ९.४४ प्रतिशत मात्र दाखिला भएको छ। निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा १४ ठेक्कामा

लागत अनुमानको तुलनामा ०.०६ देखि १.०५ प्रतिशतसम्म घटी अंकमा कार्य गराएको छ भने २ ठेक्कामा ११.७३ र २२.४१ प्रतिशत रहेको छ । यसबाट पनि वित्तीय प्रस्ताव बीच पर्याप्त मात्रामा प्रतिष्पर्धा भएको भनी आश्वस्त हुने अवस्था छैन ।

८. **अनुपातिक कट्टी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा सम्झौता अनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने रकममा समेत आनुपातिक हिसाबबाट कट्टा नगरेकोले उपभोक्ता समितिहरुलाई खुद काम गरेको अनुपातभन्दा बढी भुक्तानी दिएको रु.३२,४६१।- असुल गर्नुपर्दछ ।

९. **अन्य प्रयोजनको खर्च** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) विपरित छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला भूसंरक्षण कार्यालयको तारजाली ढुवानी कार्यमा कार्यक्रम बेगर जिल्ला बिकास कोषबाट रु.५०,०००।- र प्रकोप व्यवस्थापनतर्फबाट रु.३०,०००।- समेत रु.८०,०००।- भुक्तानी गरेकोले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१०. **गत विगतको भुक्तानी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिम अनुसूची - २४ को ढाँचामा भुक्तानी गर्न बाँकी रकम आर्थिक वर्षको अन्त्यमा प्रमाणित गराई राख्नुपर्ने व्यवस्था विपरित भुक्तानी दिन बाँकीको कच्चावारी बेगर आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक शीर्षकबाट गत विगतको रु.१,०७,६१२।- भुक्तानी गरेकोले खर्च नियमित देखिएन । नियमको व्यवस्थालाई पालना गर्नुपर्दछ ।

११. **रकम फ्रिज** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(६) मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम खर्च नभई बाँकी रहेमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेमा २ कोष खातामा राखेको रु.१२,१८,४८८।१५ सञ्चित कोष दाखिला नगरेकोले सो गर्नुपर्दछ ।

१२. **वीउपूँजी लगानी अवस्था** - गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) निर्देशिका, २०६६ को बुंदा नं. ११ अनुसार वीउपूँजीको रुपमा ६ गाउँ विकास समितिहरुलाई लगानी रकम रु.१०,५०,०००।- को साँवा तथा व्याज बुझाउने अवधि गतवर्षनै समाप्त भएकोमा यस वर्ष व्याज प्राप्त भएकोले सांवा रकमको सम्बन्धमा स्पष्ट नभएकोले यसतर्फ व्यवस्थापनले ध्यान दिनुपर्दछ ।

१३. **योजना कार्यान्वयन** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०५ बमोजिम सञ्चालित योजनाको विवरण अनुसार बजेटको अभावमा क्रमागत तथा बहुवर्षिय योजनाहरुमध्ये मथुरावेसी खानेपानी योजना ६४ वर्ष पछि र खिदिम धाराखोला मुहान लिफ्ट खानेपानी योजना ७३ वर्ष पछि सम्पन्न हुने देखिन्छ । योजना कार्यान्वयन र बजेट विनियोजन बीच समन्वय गरी समयमानै सम्पन्न गने व्यवस्था हुनुपर्दछ ।

१४. **कम लागतका योजना** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका, २०६९ को बुदा नं. ११(२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने र बुंदा ६०(२) मा जिल्ला विकास समितिले रु.३ लाख वा सोभन्दा कम लागत अनुमान भएका भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यक्रम वा आयोजनाहरुको कार्यान्वयन आफैले नगरी गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालय मार्फत गराउनु पर्ने व्यवस्था छ । यस वर्ष कार्यविधिले व्यवस्था गरे अनुसार आयोजनाको लगानी विवरण तयार गर्नुका

साथै रु.५ लाखभन्दा कमका ८८ योजनामा रु.१ करोड २४ लाख ७९ हजार विनियोजन गरेको छ ।

१५. **एकल बोर्डको निर्णय** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले परिषदबाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधार खण्डीकरण गरी परिषदले पारित नगरेका ४ वटा योजनामा रु.५२,०१,१७४।- खर्च गरेको छ । योजनाको प्राथमिकीकरण तथा योजना छनौटका १४ चरणलाई अनुशरण नगर्दा माग भई आएका योजनामा लगानी अपुग हुने अवस्था श्रृजना हुन्छ । अतः एकमुष्ट बजेट राख्ने तथा एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

१६. **खानी उत्खनन्** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला परिषदबाट पारित दरमा स्थानीय कर, सेवा शुल्क दस्तुर लगाउन पाउने व्यवस्था छ । वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा तोकिएका विषय सम्बन्धी प्रस्तावको कार्यान्वयन पूर्व प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने व्यवस्था छ । व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ तथा सर्वोच्च अदालतबाट २०६७।४।२१ मा ढुङ्गा, गिट्टी वालुवा झिक्न दिदां वातावरणीय सन्तुलन नबिग्रने गरी निश्चित परिमाण र क्षेत्र तोकी ठेक्का व्यवस्था गर्ने आदेश भएको छ । अर्घाखाँची सिमेण्ट प्रा.लि. को कार्यालयको कार्य क्षेत्रभित्र पर्ने खांचीकोट चुन ढुङ्गा खानीबाट प्रति मेट्रिक टनको रु.६।- का दरले रु.१,५०,०००।- आय आर्जन गरेको छ । नेपाल खानी विभागबाट वातावरणीय प्रभाव मूल्याङ्गन प्रतिवेदन अनुसार उत्खनन हुन सक्ने, उत्खनन गर्न दिएको परिमाण र ठेक्का रकमको अभिलेखहरु राखेको देखिएन । कार्यालयले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त गरी तोकिएको ठाउँमा ढुङ्गा गिट्टी आदि अत्याधिक मात्रामा उत्खनन हुन सक्ने वातावरणमा असर नपर्ने गरी उत्खनन् हुन सक्ने परिमाण समेतको व्यवस्थित अभिलेख राखी आन्तरिक आय आर्जनको व्यवस्था मिलाउनु पर्दछ ।

१७. **बक्यौता असुली** - कार्यालयले १८ आय ठेक्का व्यवसायीहरुबाट गत वर्षसम्मको रु.२३,६३,१२६।- कर, दस्तुर, सेवा शुल्क र बिक्री वापतको रकम असुल नगरेकोले असुली गर्नेतर्फ तदारुकता देखाउनु पर्दछ ।

१८. **अन्तिम लेखापरीक्षण** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९घ अनुसार अन्तिम लेखापरीक्षकको २०७३।७।३० मा ३५ गाउं विकास समितिको लागि १९ लेखापरीक्षक छनौट भएकोमा हालसम्म छनौट भएका लेखापरीक्षकहरुबाट २०७२।७३ को गाउँ विकास समितिहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको देखिएन । छनौट भएका लेखापरीक्षकहरुको प्रतिवेदन प्राप्त गरी दिएका सुझाव कार्यान्वयन गर्नु गराउनु पर्दछ ।

१९. **सामाजिक र सार्वजनिक परीक्षण** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सार्वजनिक परीक्षण गराउनु पर्नेमा यो वर्ष ३३९ योजनामध्ये ३०१ को सार्वजनिक परीक्षण भएको छ । नियममा व्यवस्था भए बमोजिम सबै योजना फरफारक हुनु अगावै सार्वजनिक परीक्षण गरी नियमको पालना गर्नुपर्दछ ।

२०. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.६० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समितिबाट गराउने व्यवस्था छ । कार्यालयले नियम विपरित दुम्केली खानेपानी, खत्रीटोल लिप्ट खानेपानी योजनालाई रु.७०,५३,८४४।- लागतको ठेक्का

सम्झौता गरी उपभोक्ता समितिलाई रु.३९,८४,९९०।- भुक्तानी दिएको छ । नियममा भएको व्यवस्था अनुकूल नहुने गरी उपभोक्ता समितिलाई काम दिने परिपाटीमा उचित नियन्त्रण हुनुपर्दछ ।

२१. **दैनिक भ्रमण भत्ता** - भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने प्रदाधिकारी वा कर्मचारीले २०७३।२।२ र ३ गते नतिजामा आयोजित व्यवस्थापन सम्बन्धी तालिमको लागि, काठमाडौंबाट स्रोतव्यक्ति झिकाई प्रशिक्षण भत्ता लगायत एकतर्फी हवाई भाडा रु.११,०१०।- व्यहोरेकोमा निजहरुले फर्कदा भैरहवा - काठमाडौंको हवाई टिकट पेश गरेको भए तापनि उडान पुष्टी हुने बोर्डिङ्ग पास पेश नगरेकोले खर्च नियम सम्मत छैन ।

२२. **बाँकी रकम फिर्ता** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(६) बमोजिम नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्बन्धित निकायमा फिर्ता दिनुपर्ने व्यवस्था छ। जिल्ला स्थित ३५ गाउँ विकास समितिलाई २०७२।७३ मा रु.९,१३,७८,६२७।- अनुदान निकासा गएकोमा ४ गाउँ विकास समितिले मात्र खर्चको लेखापरीक्षण गरी बाँकी रकम रु.१७,३७३।- फिर्ता पठाएको छ भने बाँकी ३१ गाउँ विकास समिति ले लेखापरीक्षण प्रतिबेदन पेश तथा रकम फिर्ता समेत पठाएको छैन । अनुदान निकासा दिएको रकम आर्थिक वर्षभित्र खर्च गरी बाँकी रहेको रकम संचित कोष दाखिला गर्नुपर्दछ ।

२३. **अनुदान** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) अनुसार अधिकार प्राप्त अधिकारीले सम्बन्धित बजेटभित्रको रकम खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। साना पूर्वाधार विकास कार्यक्रमतर्फ नागरिक सचेतना केन्द्रमार्फत २०७३।३।३० सम्म सम्पन्न गर्ने गरी १० गाउं विकास समितिमा २२ वटा कार्यक्रम सञ्चालन गर्न एल.जी.सी.डी.पी.लाई रु.३६,००,०००।- लाख र नागरिक सचेतना केन्द्रलाई रु.९,९८,८८८।- समेत रु.४५,९८,८८८।- अनुदान निकासा दिएकोमा सो खर्चलाई पुष्ट्याई गर्ने कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक लेखापरीक्षण, वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन राख्नुपर्नेमा राखेको छैन । नियमावलीले गरेको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२४. **केन्द्रीय पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार जिल्ला विकास समिति केन्द्रिय बजेटतर्फको यस वर्षको निम्नानुसार पेश्की बाँकी रु.१,६७,७२,१००।- फछ्र्यौट हुनुपर्दछ ।

| ब.उ.शी.नं. | कार्यक्रम | पेश्की रकम |
|---|---|---|
| ३६५८२१३ | पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | ११,६०,०००/- |
| ३६५८२१४ | पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | ३९,४३,६००/- |
| ३६५८०९४ | झोलुगे पुल क्षेत्रगत कार्यक्रम (पूंजीगत) | २३,०२,०००/- |
| ३६५८३१४ | स्थानीयस्तर सडक पुल तथा सांपहुच सुधार परियोजना | ९३,००,०००/- |
| ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कायंक्रम चालु | ६६,५००/- |
| | **जम्मा:** | **१,६७,७२,१००/-** |

## जिल्ला विकास कोष

२५. **कर सेवा शुल्क दस्तूर** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ र २१८ एवं स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ अनुसार जिल्ला विकास समितिले आफ्नो कार्य

क्षेत्रभित्र स्थानीय विकास मन्त्रालयबाट स्वीकृत प्रारम्भिक वातावरणीय जाँच प्रतिवेदनको अधिनमा रही ढुङ्गा गिट्टी, वालुवा, ग्राभेल सङ्कलन गरी सो बिक्री वापत कर, सेवा शुल्क, दस्तुर उठाउन सक्ने व्यवस्था छ । सो अनुसार जिल्ला विकास समितिले समयमानै ठेक्का बन्दोवस्त गर्न नसकेको कारण सम्भावित न्यूनतम आम्दानी मूल्य अभिवृद्धि कर रु.१७,१०,८१३।- समेत रु.१,४८,२५,९११।- बाट बञ्चित भएको देखियो ।

२६. **प्रशासनिक खर्च** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२८ अनुसार कुल आन्तरिक आय रु.८८,५०,००३।- को ३० प्रतिशतले रु.२६,५५,०००।- प्रशासनिक काममा खर्च गर्न पाइनेमा रु.५७,२८,१९६।- खर्च गरेकोले तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ । नियमले तोकेको सीमा नघाई खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

२७. **स्थानीय शान्ति कोष** - स्थानीयस्तर शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७० को ७ बमोजिम जिल्ला स्थित रहेको ३५ गाउँ विकास समिति हरुको लागि रु.७,६३,०००।- हजार बजेट विनियोजन भई अनुदान निकासा भएकोमा उक्त मार्गदर्शन बमोजिमका कार्यक्रमहरु सञ्चालनको प्रतिवेदन प्राप्त नभएको तथा जिल्ला विकास समितिबाट अनुगमन समेत नभएकोले अनुगमन व्यवस्था हुनुपर्दछ ।

२८. **त्रुटी सच्याउने अवधि** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने बाहेकको काममा सामान्यतः उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । यस कार्यालयले सडक कालोपत्रे जस्ता जटिल प्राविधिक पक्ष समावेश भएको कामको लागि शान्ति बगैंचा कुडुले मोटर बाटो उपभोक्ता समितिबाट गराई रु.१,९२,०००।- भुक्तानी गरेको पाइयो । निर्माण कार्य र निर्माण सामग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात् त्रुटी सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ ।

२९. **जनसहभागिता** - निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०५८ को नियम ३ को उपनियम ६(ग) बमोजिम सन्धिखर्क मन्दिर निर्माणमा २० प्रतिशतले हुने रु.११,४८५।- जनसहभागिताबाट कार्य गराउनु पर्नेमा रु.७,४२५।- को मात्र जनसहभागिता प्राप्त हुने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको कारणले रु.४,०६०।- बढी खर्च गरेको छ ।

३०. **गैह्र सरकारी संस्था** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० विपरित झोलुङ्गेपूल निर्माणको परामर्श कार्यका लागि सार्वजनिक सूचना प्रवाह नगरेको तथा गैर सरकारी संस्थाको प्राविधिक क्षमता परीक्षण समेत नगरी विगतको सम्झौताका आधारमा म्याद थप समेत नगरी यो वर्ष कुल लागत रकमको ६ प्रतिशतका दरले ग्रामीण तथा सामुदायिक विकास केन्द्रलाई सोझै छनौट गरी रु. ११,०१,४००।- भुक्तानी दिएको छ ।

३१. **कार्य सम्पन्न** - निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन कार्यविधि नियमावली, २०७१ को नियम ५(२)(१) बमोजिम १ वर्षमा कार्यान्वयन गर्न सकिने आयोजना मात्र छनौट गर्नुपर्नेमा रु.२,५७,८५२।- को लागत अनुमान भएको चिडियार आलिखेत खानेपानी टैङ्की निर्माण कार्यको रु.२,१०,०००।- कार्य मूल्याङ्कन भई जिल्ला विकास समितिबाट रु.१,४२,५००।- भुक्तानी भएको हुंदा उक्त योजनाको पाइपलाइन खन्ने, पाइप खरिद गर्ने, विछ्याउने र पुर्ने आदि काम नै नभएको अवस्थामा समेत कार्य सम्पन्न भएको भनी देखाएकोले जिल्ला विकास समितिले व्यहोर्नुपर्ने अंशमध्ये रु.६७,५६४।- बढी भुक्तानी भएको असुल गर्नुपर्दछ ।

३२. **टिकट पेश** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ८१(२)ख बमोजिम हवाईजहाज, रेल, बस आदि सवारी साधनको बिल अनुसारको रकम भुक्तानी दिनुपर्ने व्यवस्था विपरित ३५ गाउं विकास समिति मा न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको लागि पारिश्रमिक रु.२,३३,८५०।- अतिरिक्त सवारी साधनको टिकट पेश नगरी ९ जनालाई रु.३२,६००।- यातायात खर्च भुक्तानी दिएको छ ।

३३. **असूल** - कार्यालयले इन्टरफेस कम्प्यूटरलाई विभिन्न कम्प्यूटर सामान खरिद वापत रु.१४,०१२।- मात्र भुक्तानी दिनुपर्नेमा रु.२०,७३९।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.६,७२७- असुल गर्नुपर्दछ ।

३४. **अग्रिम कर** - कार्यालयका एक सूचना अधिकृतले लिएको पेश्की रु.१,२५,०००।- फछ्र्यौट गर्दा आयकर ऐन, २०५८ अनुसार रु.५,९१०।- अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेको हुंदा असुल गरी दाखिला गर्नुपर्दछ ।

३५. **स्थलगत अवलोकन** - लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा रु.८ लाखको लागतमा बनेको बोलाहाखोला खाकावेसी सिंचाई योजनाको कुलोको बीच भागमा पहिरो गएकोले पूर्ण रुपले पानी सञ्चालन नभएकोले आवश्यक मर्मत गरी पानी सञ्चालन गर्नुपर्दछ । यसैगरी बाटोहरुमा साइड ड्रेन तथा क्रस ड्रेन निर्माण नगरी माटो काट्ने तथा ग्राभेलको कार्य गरेकोले निर्मित बाटोहरु पानीले बगाउने, भत्काउने अवस्था रहेकोले सोको संरक्षणको लागि उचित व्यवस्था गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने व्यबस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना नबनाएको, समयमै पेश्की फछ्र्यौट नगरेको र दाखिला रकममा व्याज लिने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन नभएको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानी भएको छाप लगाई प्रमाणित नगरेको र राजस्व आम्दानी गर्दा प्रयोग गर्नुपर्ने फारामहरु प्रयोग नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा नियमको व्यवस्था बमोजिम सुधार गर्नुपर्दछ ।

२. **चौमासिक खर्च** - चौमासिक रुपमा कार्य गरी अनुपातिक हिसावले खर्च व्यवस्थापन गर्नु पर्दछ । कार्यालयले कुल पूँजीगत खर्चतर्फ रु.९ करोड ४० लाख ९४ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा कुनै खर्च गरेको देखिएन । दोस्रो चौमासिकमा रु.१ करोड ६ लाख ४५ हजार (११.३१ प्रतिशत) र तेस्रो चौमासिकमा रु.८ करोड ३४ लाख ४९ हजार (८८.६९ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.४ करोड ८७ लाख ४७ हजार (५१.८१ प्रतिशत) खर्च गरेको पाइयो । दुई चौमासिकसम्म केवल ११.३१ प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ १ महिनामा मात्र ५१.८१ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने भएकोले खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

३. **बोलपत्र तथा ठेक्का व्यवस्था** - यो वर्ष ५ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा नभएको, दोस्रो चौमासिकमा १ वटा र तेस्रो चौमासिकमा ४ वटा ठेक्का व्यवस्था गरेको पाइयो । कुल ठेक्कामध्ये तेस्रो चौमासिकमा मात्र ८० प्रतिशत ठेक्का व्यवस्था गरेकोले कामको अनुगमन/सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य हुन नसक्ने भएकोले समयमा नै कार्यक्रम सञ्चालन गरी वाञ्छित प्रगति हासिल गर्नुपर्दछ ।

४. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम आपूर्तिकर्ता, परामर्शदाता वा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ । कार्यालयले ५ सप्लायर्स तथा परामर्शदाताले म्यादभित्र कार्य सम्पन्न नगरे तापनि क्षतिपुर्ति वापतको रकम असुल नगरेकोले रु.१७,४५१।- असुल गर्नुपर्ने देखिन्छ ।

५. **कन्टिन्जन्सी खर्च** - नेपाल सरकार मन्त्रीपरिषदको निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७१।१।२४ को परिपत्र अनुसार कन्टिन्जेन्सी खर्च गर्दा २ प्रतिशत अर्थ मन्त्रालयको सहमति लिई पूँजीगत कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कुल पूँजीगत खर्चको ५ प्रतिशतले हुने रु.३०,४८,६५५।- कन्टिन्जेन्सी खर्च भएकोमध्ये रु.१२,१९,४६२।- अर्थ मन्त्रालयको सहमति लिई पूँजीगत कार्यमा खर्च गरेको छैन । कन्टेन्जेन्सी खर्चको योजनागत हिसाब नराखेको र निर्माणसँग सम्बन्धी कार्यमा खर्च गरेको समेत नदेखिएकोले मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

६. **पेश्की बाँकी** - आर्थिक वर्षको अन्तसम्म २ निर्माण व्यवसायीको रु.६४,०५,०००।- पेश्की बाँकी रहेकोमा नियम बमोजिम फछ्र्यौट गरेको छैन ।

## जिल्ला शिक्षा कार्यालय

१ **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने व्यवस्थाको मूल्यांकन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा छाप लगाई प्रमाणित नगरेको, सम्भावित जोखिमहरु पहिचान नगरेको, समयमै विद्यालयहरुको लेखापरीक्षक नतोकिएको, पी.सी.एफ नन् स्यालरीको अनुगमन नगरेको, निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति वितरण अवस्थाको अनुगमन र नियन्त्रण प्रणालीको विकास नगरेको, भौतिक निर्माणको निकासा दिदां जनसहभागिताको अंश कट्टा गरेर मात्र निकासा दिनुपर्नेमा नदिएको जस्ता व्यहोरा देखिएका छन् । यसमा नियमको व्यवस्था बमोजिम सुधार गर्नुपर्दछ ।

२ **लक्ष्य प्रगति** - कार्यालयले पेश गरेको २०७२।७३ को वार्षिक प्रगति प्रतिवेदन अनुसार १२० कार्यक्रमममध्ये यो वर्ष एक कार्यक्रममा ५० प्रतिशत प्रगति भएको र ३ कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति रहेको छ भने ३ कार्यक्रमको प्रगति शून्य रहेको छ। समयमै कार्यक्रम संचालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

३ **चौमासिक खर्च** - चौमासिक रुपमा कार्य नहुंदा अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । कुल खर्च रु.७ लाख ३१ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा खर्च नभएको, दोस्रो चौमासिकमा रु.४ लाख १६ हजार (५६.९१ प्रतिशत) र तेस्रो चौमासिकमा रु.३ लाख १५ हजार ( ४३.०९ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.२ लाख ५० हजार (३४.२० प्रतिशत) खर्च गरेको पाइयो । यसरी तेस्रो चौमासिकमा बढी कार्य सम्पादन हुने स्थितिले गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन समयमै अख्तियारी प्राप्त गरी ठेक्कापट्टा गरी खर्च गर्ने परिपाटीको विकास गरिनुपर्दछ ।

४ **लेखापरीक्षकको नियुक्ति** - लेखापरीक्षण सामाजिक परीक्षणबाट पारदर्शिताको लागि भनी २०७३।३।२४मा विद्यालयहरुको खातामा रु.४,६५,५००।- निकासा उपलब्ध गराएकोमा यो वर्ष पनि लेखापरीक्षक नियुक्ति गरेको छैन ।

५ **विद्यार्थी शिक्षक अनुपात** - न्यून विद्यार्थी तथा बढी शिक्षक कार्यरत रहेको विद्यालयहरुको कार्यालयले पेश गरेको विवरण अनुसार २९ जनासम्म विद्यार्थी भएको विद्यालयमा २ शिक्षक र ५ जना विद्यार्थी भएको विद्यालयमा १ शिक्षक कार्यरत रहेको देखियो । जिल्लाका २३ विद्यालयमा ३० जनाभन्दा कम विद्यार्थी रहेको अवस्था छ । २३ विद्यालयका ४९१ जना विद्यार्थीको लागि ४६ जना शिक्षक कार्यरत रहेको अवस्था देखियो । यस अनुसार ११ जना विद्यार्थीको लागि १ शिक्षकको अनुपातमा कुल खर्च रु.१,४९,१२,५८२।- भएको छ । यस अनुसार प्रति विद्यार्थीको लागि रु.३०,३७२।- खर्च भएको छ ।

कार्यालयले पेश गरेको विवरण अनुसार जिल्लामा २६५ प्राथमिक विद्यालयमा २३,८३८ अध्ययनरत विद्यार्थीको लागि रु.२३,५५,११,४६२।- भौतिक पूर्वाधार बाहेक निकासा भएकोले प्रति विद्यार्थी खर्च रु.९८७९।- रहेको छ । जिल्लामा १२० निम्न माध्यमिक विद्यालय/माध्यमिक विद्यालय मा २४,१७३ विद्यार्थीको लागि रु.४६,७२,४२,५३१।- खर्च भई प्रति विद्यार्थी रु.१९,३२९।- लागत लागेको देखिन्छ र जिल्लाको औसत प्रति विद्यार्थी खर्च रु.१४,६३७।- रहेको छ । विद्यार्थी शिक्षकको अनुपात मिलाउने व्यवस्था गर्नुपर्दछ ।

६ **निःशुल्क पाठ्यपुस्तक** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार जिल्लाका ३८५ विद्यालयका विद्यार्थीहरुका लागि २०७२।७।२० मा निकासा पठाएकोमा विद्यालयहरुले २०७३।१।२ देखि २०७३।१।१० सम्ममा रु.१,६९,००,८१२।- को पाठ्यपुस्तकको लागि निकासा गरेको देखियो । स्रोतव्यक्ति, विद्यालय निरीक्षक र आवश्यकतानुसार कार्यालयबाट अनुगमन गरेको व्यहोरा उल्लेख भएपनि अनुगमन अभिलेख राखेको देखिएन ।

७ **कर्मचारी दरवन्दी** - कार्यालयले पेश गरेको दरवन्दी विवरण अनुसार स्थायी स्वीकृत दरवन्दी २१, अस्थायी स्वीकृत दरवन्दी ४ समेत २५ मध्ये स्थायी १५ र अस्थायी ७ पदपूर्ति भई ३ पद रिक्त रहेको र ४ काजमा रहेको देखिन्छ । रिक्त पदपूर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

८ **काज** - निजामती सेवा ऐन, २०४९ को दफा १८ अनुसार काज खटाउंदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन नपाइने उल्लेख छ । कार्यालयका विद्यालय निरीक्षक २०७१।४।३२ देखि २०७२।१०।५ सम्म व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनामा काज रहेकोमा मन्त्रालयको पत्रानुसार २०७२ श्रावणदेखि पौष महिनासम्मको तलव भत्ता रु.१,७४,२२४।- भुक्तानी दिएको हुंदा नियमको पालना भएको देखिएन । तसर्थ नियम विपरित काज राख्ने परिपाटीको सम्बन्धित निकायबाट नियन्त्रण गर्नुपर्दछ ।

९ **निःशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ अनुसार प्रति विद्यार्थी इकाई लागतका आधारमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउंदा कक्षा दोर्‍याउने विद्यार्थी घटाईस्वीकृत मापदण्डका आधारमा निर्धारित मूल्यसूची बमोजिम विद्यालयलाई पाठ्यपुस्तक निकासा दिने गरी कार्यक्रम कार्यान्वयन प्रक्रिया तोकेको छ । कार्यालयले जनक शिक्षा सामग्री केन्द्रले तोकेको दरभन्दा रु.१०,००,२४८।- बढी हुने गरी निकासा दिएको अनियमित देखियो ।

१० **अनुगमन** - एक जना कर्मचारीलाई १८ वटा सामुदायिक सेवा केन्द्रहरुलाई पाठ्य सामग्री, मसलन्द र ढुवानी समेतको लागि रु.१०,८०,०००।- पेश्की दिएकोमा उक्त केन्द्रहरुलाई दिएको पेश्कीबाट सामग्री खरिद र ढुवानी भयो भएन अनुगमन प्रतिवेदन पेश नहुनाका साथै नगद वितरण गर्नुको कारण समेत स्पष्ट भएन । व्यक्तिलाई पेश्की दिई नगद वितरण गर्नुभन्दा सिधै संस्थालाई अनुदान निकासा दिई त्यसको सदुपयोग सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरिनुपर्दछ ।

११ **भौतिक निर्माण सुधार** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ मा भौतिक सुविधा विस्तारमा विद्यालयहरुलाई रकम निकासा दिने सम्बन्धमा पहिलो किस्ताको रुपमा विद्यालयले कार्य शुरु गरी सम्झौता गरेको १५ दिनभित्र कूल अनुदानको ३० प्रतिशत दोस्रो किस्ता पहिलो किस्ताको कार्य मूल्याङ्कन गरी कूल अनुदानको ५० प्रतिशत र कार्य सम्पन्न गरी अन्तिम किस्ताको रुपमा नापी किताव अद्यावधिक गरी २० प्रतिशत निकासा दिने तर कार्यसम्पन्न नगर्ने विद्यालयलाई अन्तिम किस्ता वापतको रकम निकासा नदिने र सो वमोजिमको प्रक्रिया पुरा नगर्ने सम्वन्धित विद्यालय र जिल्ला शिक्षा कार्यालयका सम्वन्धित पदाधिकारी माथि कारवाही हुने व्यवस्था छ ।

११.१ कार्यालयले यो वर्ष भौतिक सुधार कार्य अन्तर्गत २ कोठे कक्षा कोठा निर्माण र विभिन्न कोठे विद्यालय भवन निर्माण आदि गर्नका लागि विभिन्न विद्यालयहरुलाई रु.३,१४,५०,०००।- निकासा दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नगरी तेस्रो किस्ता निकासा दिएको छ । कार्य सम्पन्न प्रतिवेदन पेश गरी भौतिक सुधार कार्यको वास्तविक स्थिति स्पष्ट गर्नुपर्दछ ।

११.२ निर्देशिका अनुसार विभिन्न २ विद्यालय र एक पुस्तकालयलाई विद्यालय भवन निर्माण, कोठा थप गर्ने, मेशिनरी उपकरण खरिद गर्ने, कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना गर्ने, शौचालय/कम्पाउण्डवाल/खेल मैदान निर्माण र सोलार जडान तथा व्याट्री खरिद गर्ने जस्ता कार्यका लागि रु.३०,००,०००।- विद्यालयको खातामा निकासा उपलव्ध गराएकोमा निर्देशिका बमोजिम अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।

१२ **मापदण्ड** - कार्यालयले २०७२ साल एस.एल.सी. परीक्षाको उत्तरपुस्तिका विभिन्न विज्ञहरुबाट सम्परीक्षण र परीक्षण गराई रु.११,९६,५४५।- भुक्तानी दिएको देखियो । प्रतिव्यक्तिले २,३५९ सम्परीक्षण र १,१६६ वटा परीक्षण गरेको देखियो । प्रतिव्यक्ति प्रतिदिन कति संख्यामा उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने हो सोको मापदण्ड निर्धारण गरेको देखिएन । यसरी उत्तरपुस्तिका परीक्षण गर्ने संख्या निर्धारण नगरी परीक्षण गराउंदा सोको गुणस्तरमा कमी आउन सक्ने देखिन्छ । उत्तरपुस्तिकाको गुणस्तर परीक्षणका लागि कार्यालयले परीक्षण गर्ने (प्रतिव्यक्ति प्रतिदिन कति वटा) मापदण्ड तयार गरी सोको आधारमा उत्तरपुस्तिका परीक्षण गराउंदा तोकिएको लक्ष्य हासिल हुने एवं परीक्षाको गुणस्तरमा समेत टेवा पुग्ने भएकोले उपयुक्त मापदण्ड तयार गरी लागू गर्नुपर्दछ ।

१३ **दाखिला** - एक प्राथमिक विद्यालयलाई शिक्षकको तलव बढी भुक्तानी भएको रु.१५,६४३।- सम्बन्धित विद्यालयले फिर्ता गरेको रकम बेरुजू खातामा दाखिला गर्नुपर्नेमा समितिको खातामा जम्मा गरेको हुंदा बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

१४ **व्याज** - कार्यालयले जिल्ला शिक्षा समितितर्फको गत वर्ष रु.८,००,०००।- मुद्दति खातामा राखेको देखियो । समितिलाई विभिन्न स्रोतबाट प्राप्त रकम मुद्दति खातामा राखेकोमा त्यसबाट प्राप्त व्याजको आम्दानी बांधेको नदेखिएकोले व्याज एकिन गरी आम्दानी बांध्नुपर्ने देखियो ।

१५ **स्थलगत अवलोकन** - लेखापरीक्षणको क्रममा देहायका विद्यालयको स्थलगत अवलोकन गर्दा निम्नानुसार देखियोः

- **महेन्द्रबोध माध्यमिक विद्यालय, केरुङ्गा, बल्कोट** - नर्सरी र एल.के.जी. तथा कक्षा ४ र ५ का विद्यार्थीलाई एउटै कक्षा अध्यापन गराई राखेको, निःशुल्क पाठ्यपुस्तक वितरण अभिलेख व्यवस्थित भएको देखिएन ।
- **अन्नपूर्ण माध्यमिक विद्यालय, धारापानी** - निःशुल्क पाठ्यपुस्तक वितरण अभिलेख व्यवस्थित भएको देखिएन ।

- **विश्व माध्यमिक विद्यालय, ढाकावाङ्ग** - विद्यालय व्यवस्थापन समिति गठन नभएको, विद्यार्थी कम उपस्थित रहेको, कक्षा ८ को सामाजिक शिक्षाको पुस्तक ढिला प्राप्त भएको, छात्रवृत्ति १३ विद्यार्थीले बुझ्न बाँकी देखिएको छ ।
- **जनताकृष्ण माध्यमिक विद्यालय, पकली** - विद्यालय व्यवस्थापन समिति गठन नभएको र निःशुल्क पाठ्यपुस्तक वितरण अभिलेख व्यवस्थित भएको देखिएन ।

## जिल्ला स्वास्थ्य कार्यालय

१ **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको मूल्याङ्कन गर्दा भ्रमण प्रतिवेदन राख्नुपर्ने नराखेको, मर्मत तथा लिलाम नगरेको, पुराना सामानको मूल्य नखुलाएको, राजस्वतर्फ प्रयोग गर्नुपर्ने फाराम प्रयोग नगरेको, रिक्त पदहरु पदपूर्ति नगरेको, वार्षिक खरिद योजना नबनाएको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानी भएको छाप नलगाएको र तालुक कार्यालयले निरीक्षण नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा नियमको व्यवस्था बमोजिम सुधार गर्नुपर्दछ ।

२ **चौमासिक खर्च** - चौमासिक रुपमा कार्य गरी अनुपातिक हिसावले खर्च गर्नुपर्नेमा कुल खर्च रु.१२ करोड ८२ लाख ३ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.३ करोड ६ लाख ६४ हजार (२३.९२ प्रतिशत), दोस्रो चौमासिकमा रु.४ करोड २ लाख ६५ हजार (३१.४१ प्रतिशत) र तेस्रो चौमासिकमा रु.५ करोड ७२ लाख ७४ हजार (४४.६७ प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१ करोड ९९ लाख ९१ हजार (१५.५९ प्रतिशत) खर्च गरेको पाइयो । तेस्रो चौमासिकमा बढी कार्य सम्पादन हुने स्थितिले गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन समयमै अख्तियारी प्राप्त हुने व्यवस्था गरी खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३ **लक्ष्य प्रगति** - कार्यालयको २०७२।७३ मा भएका विभिन्न स्वास्थ्य सेवा सम्बन्धी कार्य सम्पादन गर्दा १७ वटा कार्यक्रम सञ्चालन नभएको, ४ वटा कार्यक्रममा ५० प्रतिशतसम्म प्रगति र ३ वटा कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति हासिल भएको देखिदा समयमै कार्य सम्पादन गरी लक्ष्य प्रगति हासिल गर्नुपर्दछ ।

४ **करारमा कर्मचारी नियुक्ति** - निजामती सेवा नियमावली, २०५० बमोजिम रिक्त रहेको पद, नयां नियुक्ति, बढुवाद्धारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ । कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा करारमा नियुक्ति गरी तलब भत्तामा रु.१ करोड ३५ लाख ३४ हजार खर्च गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५ **दरवन्दी तथा पदपूर्ति** - कार्यालयले अस्पताल, जनस्वास्थ्य कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र एवं उपस्वास्थ्य केन्द्र सञ्चालन एवं विभिन्न कार्य सम्पादन गर्नका लागि कर्मचारी दरवन्दी व्यवस्था गरेको छ । कुल दरवन्दी ३१० मध्ये १९६ पद रिक्त रहेको देखियो । जनतालाई सरल सुलभ एवं गुणस्तरीय सेवा प्रवाह गर्ने स्थानमा आवश्यक दरवन्दी पदपूर्ति नहुंदा अति आवश्यक सेवा प्रवाह गर्न कठिनाइ हुने भएकाले रिक्त दरवन्दी पदपूर्तितर्फ आवश्यक व्यवस्था हुनुपर्दछ ।

६ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र अनुसूची १ अनुसार कार्यालयले प्रत्येक कार्यक्रमको लागत खर्चको तुलनामा स्टाफ खर्च वापत २.५ प्रतिशत र अन्य खर्च वापत २.५ प्रतिशतमा नबढ्ने गरी बढीमा ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सक्ने प्रावधान

रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ३ कार्यक्रममा रु. २१ लाख ८५ हजार कन्टिन्जेन्सी खर्च गरेकोमा निम्नानुसार व्यहोरा देखिएको छः

६.१ कन्टिन्जेन्सी रकम खर्च गर्दा तोकिएको नमूना फाराम बमोजिम प्रयोजन खुलाई प्रचलित कानून अनुरुप कन्टिन्जेन्सी खाता अनिवार्य रुपमा राख्नुपर्नेमा राखेको पाइएन । कार्यालयले सबै कार्यक्रमको स्पष्ट देखिने गरी अभिलेख राख्नुपर्ने देखिन्छ ।

६.२ अस्पतालको हाताभित्र कालोपत्र गर्ने कार्यको लागत अनुमान रु.१५,३६,५४०।- को ५ प्रतिशतले हुने रु.७७ हजारसम्म कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेमा रु.८६,६५०।- हजार गरेकोले तोकिएकोभन्दा रु.९,८२३।- बढी कन्टिन्जेन्सी खर्च गरेको छ ।

७ **औषधि हस्तान्तरण** - क्षेत्रीय मेडिकल स्टोर पथलैयाबाट हस्तान्तरण भई आएका केही औषधिहरु म्याद समाप्त हुने समयमा हस्तान्तरण गरी पठाएको र आवश्यकताको पहिचान नगरी पठाएकोले खपत नभई म्याद समाप्त भएको देखियो । औषधिको जिन्सी परीक्षण गर्दा जीक २० एम.जी. ट्याब २०७२।१०।१० मा पठाएकोमा २०१६ डिसेम्बरमा २५,००० ट्याबलेट औषधिको म्याद सकिएकोले रु.६०,०००।- नोक्सान भएको छ । त्यस्तै एच.आर.चाइल्ड १००८ ट्याब २०७३।८।२१ मा हस्तान्तरण भएकोमा फेब्रुअरी २०१७ मा म्याद समाप्त हुने अवस्थामा छ । जिल्लाको माग बमोजिम र पर्याप्त म्याद बाँकी भएका औषधि मात्र हस्तान्तरण गरी समयमा नै वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

८ **मौज्दात** - स्वास्थ्य सेवाको लागि अति आवश्यक सूचीमा रहेका औषधिहरुको मौज्दातलाई शून्य पारी राख्न नहुने व्यवस्था विपरित ३ प्रकारका औषधिहरुको मौज्दात शून्य देखियो । यसतर्फ सुधार हुनुपर्दछ ।

९ **धरौटी जफत** - कार्यालयले न्यानो झोला खरिदको लागि बोलपत्र आव्हान गर्दा पहिलो पटक घटी कबोल गर्ने एक फर्म सम्झौता गर्न नआई दोस्रो घटीवालासँग सम्झौता भएकोले निजले राखेको धरौटी रु.३०,०००।- जफत गरी राजस्व दाखिला गर्नुपर्नेमा गरेको छैन ।

१० **अनुगमन** - ग्रामीण सामुदायिक स्वास्थ्य निर्देशिका बमोजिम जिल्लामा सञ्चालित सामुदायिक स्वास्थ्य इकाईहरुलाई अनुदान दिनुपर्ने र त्यसको सेवा प्रवाह सम्बन्धी अनुगमन गर्ने कार्यक्रम जिल्ला जनस्वास्थ्य कार्यालयको हुने व्यवस्था छ । कार्यालयको २०७३।२।३ को निर्णय बमोजिम जिल्ला स्वास्थ्य कार्यालयबाट अनुगमन गर्ने निर्णय गरी यस वर्ष २ वटा नयाँ संस्थालाई रु.४,८०,०००।- र २ वटा पुराना संस्थालाई रु.३,२०,०००।- का दरले जम्मा रु.१६,००,०००।- अनुदान निकासा दिएकोमा अनुदान रकम सही सदुपयोग भयो भएन, जनताले पाउनु पर्ने सेवा सुविधा प्राप्त गरे गरेनन, उद्देश्य अनुरुप प्रगति भयो भएन सोको अनुगमन गरेको छैन ।

११ **स्वास्थ्य कर कोष** - यस वर्ष रु.२,७०,०००।- विनियोजन भई त्यतिनै खर्च गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा विभिन्न मितिमा गोष्ठी, बैठक र निरीक्षण भएको देखिन्छ । उक्त कार्यक्रमबाट जनतामा धुम्रपान र मदीरा सेवन गर्न नहुने भन्ने सम्बन्धमा परेको प्रभाव तथा यस्ता पदार्थको बिक्री वितरणमा लगाएको रोक सम्बन्धमा प्रतिवेदन पेश नभएबाट खर्चको औचित्य पुष्टी हुन सकेन । बजेट खर्चको प्रगति प्रतिवेदन तयार गरी खर्चको पुष्ट्याई हुने उपयुक्त व्यवस्था हुनुपर्दछ ।

१२ **अग्रिम कर** - आयकर ऐन, २०५८ दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कट्टा गर्नुपर्ने व्यवस्था छ । दादुरा-रुबेला खोप कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की लिई कार्यक्रम

सञ्चालन गरी बिल भरपाई पेश गरेकोमा एक कर्मचारीले औषधि लगायतका सामानहरु ओसार पसार गर्न गाडी भाडामा लिई भाडा वापत रु.७७,३००।- भुक्तानी दिएकोमा रु.७,७३०।- अग्रिम कर कट्टा गर्नुपर्नेमा गरेको छैन । यसैगरी सामान खरिद गर्दा भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक व्यक्तिको पेश्की फछ्र्यौट गर्दा रु.२,८३,७५८।- (मू.अ.कर समेत) को औषधि खरिदको बिल संलग्न गरेकोमा अग्रिम कर रु.३,७६७।- कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१३ **फरक शीर्षक** - कार्यालयले करारमा कार्यरत कर्मचारीहरुको तलव र जोखिम भत्ता सम्बन्धित खर्च शीर्षकबाट गर्नुपर्नेमा शीर्षक फरक पारी रु.१५,६६,७९०।- भुक्तानी दिएको छ । सम्बन्धित शीर्षकमा नै आवश्यक पर्ने रकमको व्यवस्था गरी शीर्षक फरक पारी खर्च लेख्ने प्रचलनमा नियन्त्रण हुनुपर्दछ ।

१४ **पारिश्रमिक कर** - कर्मचारीहरुको वार्षिक आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने पारिश्रमिक कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा घटी कट्टा गरेको रु.३०,३२८।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

१५ **धरौटी** - २ व्यवसायीको रु.५३,०००।- धरौटी जफत गर्नुपर्नेमा रु.२६,८२८।- मात्र गरेकोले नपुग रु.२६,१७२।- सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१६ **स्रेस्ता पेश नभएको** - कार्य सञ्चालन कोष अन्तर्गतका २ वटा कार्यक्रमको स्रेस्ता सम्बन्धित कार्यालयमा नै फिर्ता पठाइएकोले लेखापरीक्षण नभएकोले श्रेस्ता प्राप्त गरी लेखापरीक्षण गराउनु पर्दछ ।

१७ **स्थलगत अवलोकन** - स्वास्थ्य कार्यालयको लेखापरीक्षणको क्रममा २०७३।१०।१७ गते लेखापरीक्षण टोलीबाट प्राथमिक स्वास्थ्य केन्द्र, बलकोट स्थलगत अवलोकन भएको थियो । अवलोकनबाट अनमी दरवन्दी ४ मध्ये २ रिक्त र कार्यालय सहयोगी ३ मध्ये १ रिक्त रहेको देखियो । निःशुल्क वितरण हुनुपर्ने ५८ प्रकारका औषधिमध्ये पारासिटामोल ट्याबलेट र झोल, आइबुफ्रिन, अजिटोमाइसिन, कोक्सासिलिन, अटिनोलोल, टेट्रासाइक्लिन, क्लुटिमाजोल, एमोनोफिलिन, साल्मुटामोल जस्ता अत्यावश्यक औषधिहरुको मौज्दातको अवस्था शून्य देखियो । अस्पतालको फोहोर व्यवस्थापन प्रभावकारी ढङ्गबाट भएको नपाइएकोले सुधार गर्नुपर्दछ ।

## सिंचाई विकास डिभिजन

१ **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा समयमै पेश्की फछ्र्यौट नगरेको साथै दाखिला रकममा व्याज लिने नगरेको, भ्रमण प्रतिवेदन नलिएको, जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन नभएको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानी भएको छाप लगाई प्रमाणित नगरेको, सम्भावित जोखिमहरु पहिचान नगरेको र तालुक कार्यालयले निरीक्षण नगरेको जस्ता व्यहोरा देखिएका छन् । यसमा नियमको व्यवस्था बमोजिम सुधार गर्नुपर्दछ ।

२ **लक्ष्य प्रगति** - डिभिजनले उपलव्ध गराएको प्रगति विवरण अनुसार सञ्चालित योजनामध्ये बाटुले कुंडुले सिंचाई योजना, महुवावारी सिंचाई योजना र तल्लोढांड सिंचाई योजनाको भौतिक प्रगति देखाएको छैन भने ढुंगेसेरा सिंचाई योजनाको ६३.७९ प्रतिशत प्रगति हासिल भएको छ । १ करोड लागत भएका धतिवन गुरांसे सिंचाई आयोजना, फिदिम फसंवा सिंचाई योजना, मथुराबेसी सिंचाई योजना, टमारवेसी सिंचाई योजना र सितखोला गोवाग सिंचाई योजनामा बजेट विनियोजन भए

पनि यो वर्ष खर्च भएको देखिएन । अतः घटी प्रगति भएका योजनाको कारण पहिचान गरी कार्य सञ्चालन गर्नुपर्दछ ।

३ **चौमासिक खर्च** - चौमासिक रुपमा काम नहुंदा अनुपातिक हिसावले खर्च व्यवस्थापन भएको देखिएन । कुल पूँजीगत खर्च रु.४ करोड ८३ लाख ८१ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.६ लाख २३ हजार (१.२९ प्रतिशत), दोस्रो चौमासिकमा रु.५१ लाख ८४ हजार (१०.७१ प्रतिशत) र तेस्रो चौमासिकमा रु.४ करोड २५ लाख ७४ हजार (८८.०० प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१ करोड ८३ लाख ८३ हजार (३८.०० प्रतिशत) खर्च गरेको पाइयो । दुई चौमासिकसम्म केवल १२.०० प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ १ महिनामा मात्र ३८.०० प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको गुणस्तर र खर्चमा प्रभाव पर्ने भएकोले खर्चमा अधिकतम सन्तुलन कायम गर्नुपर्दछ ।

४ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ज तथा सानातिना अन्य खर्चको लागि ५ प्रतिशत कन्टिन्जेन्सी समावेस गर्न सकिने व्यवस्था छ । साथै, २०७०।१।१५ को अर्थमन्त्रीस्तरीय निर्णय अनुसार कन्टिन्जेन्सीको रकममध्येबाट २ प्रतिशत रकम आवश्यकतानुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण, जस्ता पूँजीगत निर्माण तथा सम्पत्ति सम्बन्धी शीर्षकमा अर्थ मन्त्रालयबाट अनिवार्य रुपमा सैद्दान्तिक स्वीकृति लिई खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष कुल पूँजीगत खर्च रु.५,४५,३४,५०७।- खर्च गरेकोमा सोको ५ प्रतिशतले हुन आउने रकम रु.२७,२६,७२५।- कन्टिन्जेन्सी सीमा रहेकोमा रु.३४,०९,८५८।३९ कन्टिन्जेन्सी खर्च गरेको छ । यस सम्बन्धमा वहुवर्षिय योजना भएकोले बढी खर्च भएको र आगामी वर्षसम्ममा हिसाव मिलान हुने कार्यालयको भनाई रहेता पनि सिमा नाघी खर्च गर्न मिल्दैन ।

५ **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको काम प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कानूनी व्यवस्था विपरित ४ आयोजनाको उपभोक्ताको अंश भुक्तानी गर्दा प्राविधिक मूल्याङ्कन पेश गरेको भएतापनि अन्य कागजातहरु जस्तै, बिल भरपाई उपभोक्ता समितिको निर्णय, सार्वजनिक लेखापरीक्षण जस्ता आधारभूत प्रमाण बेगर रु.३८,७३,५०२।- भुक्तानी भएको छ । कानूनी व्यवस्थाको पालना गर्नेतर्फ ध्यान जानुपर्दछ ।

६ **कर दाखिला** - एक ईन्जियिनरको रु.१,००,०००।- सर्भेक्षण खर्च लेखेकोमा आयकर ऐन, २०५८ बमोजिम कामदार सप्लाई गर्ने व्यक्तिबाट रु.९४५।- कर कट्टा गरी भुक्तानी दिएको भएतापनि उक्त रकम कर दाखिला भएको छैन ।

७ **कर बिजक** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले समान्यतयाः प्रापकलाई अनसुची ५ बमोजिमको ढांचामा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक सर्भिस प्रा.लि. बाट सवारी साधन मर्मत गराई रु.११,२६९।- मा मू.अ.कर रु.१,४६५।- समेत गरी रु.१२,७३४।- हजार भुक्तानी गरेकोमा अनुसूची ५ को ढांचामा कर बिजक जारी गरेको छैन ।

## सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना

१. **आन्तरिक नियन्त्रण** - विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा संक्षिप्त वार्षिक आर्थिक कारोबार प्रतिवेदन नबनाएको, समयमै पेश्की फछ्र्यौट नगरेको र फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदनको कार्यान्वयन नभएको, खर्च भएका सबै बिल भरपाईहरुमा भुक्तानी भएको छाप लगाई प्रमाणित नगरेको, सम्भावित जोखिमहरु परिचान नगरेको र तालुक कार्यालयले निरीक्षण नगरेको जस्ता व्यहोरा रहेका छन् । समयमै यसमा सुधार हुनुपर्दछ ।

२. **चौमासिक खर्च** - चौमासिक रुपमा कार्य गरी अनुपातिक हिसावले खर्च व्यवस्थापन गर्नुपर्नेमा कुल खर्च रु.२८ करोड १६ लाख ४२ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ८५ लाख ८० हजार (१७.२५ प्रतिशत), दोस्रो चौमासिकमा रु.३ करोड ५ लाख ७२ हजार (१०.८५ प्रतिशत) र तेस्रो चौमासिकमा रु.२० करोड २४ लाख ९० हजार (७१.९० प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.१० करोड ९२ लाख ६३ हजार (३८.७९ प्रतिशत) खर्च गरेको पाइयो । दुई चौमासिकसम्म केवल २८.१० प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ १ महिनामा मात्र ३८.७९ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

३. **पूलतर्फ** - पूल निर्माणतर्फ २०७२।७३ मा र विगत वर्ष सम्झौता भई यो वर्ष समेत निर्माण चालु रहेका ५ ठेक्कामध्ये पनाहा खोलामा पुल निर्माणको लागि रु.२० लाख बजेट विनियोजन भएकोमा बोलपत्र आव्हान मात्र भई प्रगति भएको छैन । तोकिएको कार्य समयमा सम्पन्न गर्नुपर्दछ ।

४. **ठेक्का व्यवस्था** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा कार्यक्रम सूचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्यसम्पन्न गर्न अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र समाप्त गरी सक्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले उल्लिखित अवधिभित्र ठेक्का पट्टाको खरिद कार्य सम्पन्न गर्न सकेको पाइएन । कार्यालयबाट यस वर्ष २९ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा २, दोस्रो चौमासिकमा १२ वटा र तेस्रो चौमासिकमा १५ वटा ठेक्का व्यवस्था गरेको पाइयो । कुल ठेक्कामध्ये तेस्रो चौमासिकमा मात्र ५१.७२ प्रतिशत ठेक्का व्यवस्था गरेको छ। नियम सम्मत नहुने यस्ता कामलाई नियन्त्रण गर्नुपर्दछ ।

५. **कन्टिन्जन्सी खर्च** - नेपाल सरकार मन्त्रीपरिषदको निर्णय तथा अर्थ मन्त्रालयको २०७१।१।२४ को परिपत्र अनुसार कन्टिन्जेन्सी खर्च गर्दा २ प्रतिशत अर्थ मन्त्रालयको सहमति लिई पूँजीगत सामानमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कुल कन्टिन्जेन्सी खर्च रु.१,२१,१२,३१७- खर्च गरेकोमध्ये रु.३८,००,०००।- पूँजीगत सामान खरिदको लागि सडक विभाग पठाएको छ । कुल खर्चको ५ प्रतिशतमा २ प्रतिशतले रु.४८,४४,९२७।- पूँजीगत खर्च गर्नुपर्नेमा रु.३८,००,०००।- मात्र विभाग पठाएको र बाँकी रु.१०,४४,९२७- अर्थ मन्त्रालयको सहमति लिई पूँजीगत कार्यमा खर्च गर्नुपर्नेमा गरेको छैन । कार्यालयले कन्टिन्जेन्सी रकमबाट रु.३८,००,०००।- विभागमा पठाएकोमा कन्टेन्जेन्सी खर्च गर्ने नीति तय गर्नुपर्दछ ।

६. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडामा १० प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयका एक इन्जिनियरले खिदिम ८ को कुलो निर्माणको लागि जे.सी.वी.

मेशिन भाडामा लिई रु.५१,२२५।- मेशिन भाडा वापत भुक्तानी दिएकोमा उक्त भाडा वापतको १० प्रतिशतले हुने रु.५,१२२।- अग्रिम कर असुल गर्नुपर्दछ ।

७. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको प्राविधिक नापजांच गरी नापी किताव (मेजरमेण्ट बुक) मा उल्लेख भएको वास्तविक खर्च भुक्तानी दिनुपर्ने व्यवस्था छ । एक निर्माण व्यवसायीलाई प्रथम तथा अन्तिम रनिङ्ग बिल भुक्तानी दिदां नापी तथा रनिङ्ग बिल बमोजिमको रु.८,५८,२३२।- मात्र भुक्तानी दिनुपर्नेमा रु.९,६७,७९३।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१,०९,५६१।- असुल गर्नुपर्दछ ।

८. **चाडपर्व खर्च** - निजामती सेवा नियमावली, २०४९ को नियम १२८ बमोजिम निजामती कर्मचारीले एक महिना तलव बराबरको रकम चाडपर्व खर्च पाउने व्यवस्था बमोजिम सवइन्जिनियर २ लाई चैते दशैंलाई मुख्य चाडपर्व बनाई रु.३७,६००।- भुक्तानी दिएकोमा निजहरुले वडा दशैंमा चाडपर्व खर्च नलिएको पुष्ट्याई राखी दोहोरो नपरेको आश्वस्त गराउनु पर्नेमा सो नभएकोले खर्च नियम सम्मत छैन ।

९. **थप दस्तूर** - समयमा नै विद्युत महसूल बुझाई नियमानुसार पाउने छुट लिनुपर्नेमा ढिला गरी महसूल बुझाई थप दस्तुर रु.१,९४८।- भुक्तानी दिएको अनियमित देखियो ।

१०. **पेश्की बाँकी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्तसम्म ३ निर्माण व्यवसायीको रु.३,२७,१६,०००।- पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३२ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २३ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २५ मध्ये निम्न २ कार्यालयको रु १३ लाख ३६ हजार बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | हरिहर संस्कृत विद्यापीठ | धरौटी | विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको रकम आम्दानी बाध्नुपर्ने | ३,२३,७९७/- |
| २ | जिल्ला पशु सेवा कार्यालय | ३१२१६०३ | **कर्मचारी पेश्की** - ४ कर्मचारीको नाममा पेश्की बाँकी | १०,१२,३२०/- |
| | | | **जम्मा** | **१३,३६,११७/-** |

**(गोविन्दप्रसाद बराल)**
**नायव महालेखापरीक्षक**

*अनुसूची १*

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समितिको कार्यालय | - | - | - | १०,४७४.३४ | १०,४७४.३४ |
| २ | सिंचाई विकास डिभिजन | ५२५.७० | ०.०३ | ४०.९० | १.७५ | ५६८.३८ |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | १,३७९.१५ | ४.०२ | १३.१७ | १३२.४२ | १,५२८.७६ |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन | १,०८५.७७ | ०.३५ | ११५.६२ | ६.४८ | १,२०८.२२ |
| ५ | जिल्ला शिक्षा कार्यालय | ९,८११.९० | ६४.४९ | | ३२.५२ | ९,९०८.९१ |
| ६ | जिल्ला प्राविधिक कार्यालय | ९९७.६८ | ३.३१ | ५८.८६ | - | १,०५९.८५ |
| ७ | सालझण्डी सन्धिखर्क ढोरपाटन सडक | २,८६६.१७ | १०८.४९ | २९९.८५ | - | ३,२७४.५१ |
| | **जम्मा:** | **१६,६६६.३७** | **१८०.६९** | **५२८.४०** | **१०,६४७.५१** | **२८,०२२.९७** |

**लेखापरीक्षण विधिः संक्षिप्त** (रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय | २१८.७८ | २.३६ | ३.९६ | ३.४६ | २२८.५७ |
| २ | जिल्ला वन कार्यालय | ३७०.३३ | ६३.५४ | ७६.०६ | ९.०० | ५१८.९३ |
| ३ | जिल्ला पशु सेवा कार्यालय | ४०२.३२ | ०.९८ | १.४५ | २५६.०५ | ६६०.८० |
| ४ | जिल्ला हुलाक कार्यालय | ३०९.०३ | १२.७६ | १.६२ | २६३.८५ | ५८७.२६ |
| ५ | मालपोत कार्यालय | ५५.९१ | ७७.७३ | ९.५९ | १६९.२८ | ३१२.५१ |
| ६ | जिल्ला सरकारी वकिल कार्यालय | ३३.११ | ०.०२ | ९.३६ | - | ४२.४९ |
| ७ | जिल्ला प्रहरी कार्यालय | ७९१.७५ | ०.२६ | - | ६.४३ | ७९८.४३ |
| ८ | महिला तथा बालबालिका कार्यालय | १३०.५३ | - | ३४.७७ | २९.७१ | १९५.०१ |
| ९ | अर्घाखांची जिल्ला अदालत | १३१.८६ | १४०.०६ | २१.४८ | ०.३३ | २९३.७३ |
| १० | जिल्ला प्रशासन कार्यालय | १०९.३१ | २४४.८४ | - | ८७.५३ | ४४१.६८ |
| ११ | जिल्ला निर्वाचन कार्यालय | ३९.२० | - | ०.६० | - | ३९.८१ |
| १२ | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र | ६३.२१ | ०.३४ | ०.११ | - | ६३.६६ |
| १३ | जिल्ला भू-संरक्षण कार्यालय | २३८.२३ | - | १.२७ | ०.७३ | २४०.२३ |
| १४ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ३९.४२ | ७४६.७३ | - | ०.७५ | ७८६.९० |
| १५ | इलाका प्रहरी कार्यालय, खन | ७.५९ | - | - | - | ७.५९ |
| १६ | जिल्ला निर्वाचन अधिकृतको कार्यालय | ३.७३ | - | - | - | ३.७३ |
| १७ | इलाका प्रहरी कार्यालय, ठाडा | २००.८४ | - | ०.२४ | - | २०१.०७ |
| १८ | कारागार कार्यालय | ४७.५९ | - | ७.३८ | - | ५४.९७ |
| १९ | घरेलु तथा साना उ. विकास समिति | ४७.५७ | २४.४३ | - | ०.२७ | ७२.२७ |
| २० | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ४५.३६ | - | - | ४.१५ | ४९.५२ |
| २१ | नापी कार्यालय | ४२.३५ | ०.५९ | - | २.४५ | ४५.३९ |
| २२ | हरिहर संस्कृत विद्यापीठ | - | - | - | ६२.९६ | ६२.९६ |
| २३ | विशेष नापी कार्यालय | ३७५.४३ | ०.९३ | ३१.५९ | - | ४०७.९४ |
| २४ | सबुज गण | २,४०५.७२ | १.४५ | - | - | २,४०७.१७ |
| २५ | जिल्ला ट्राफिक कार्यालय | - | १०.७५ | - | - | १०.७५ |
| | **जम्मा:** | **६,१०९.१८** | **१,३२७.७६** | **१९९.४७** | **८९६.९५** | **८,५३३.३६** |
| | **कुल जम्मा:** | **२२,७७५.५५** | **१,५०८.४५** | **७२७.८७** | **११,५४४.४६** | **३६,५५६.३३** |

# बेरुजूको स्थिति

| सि. नं. | कार्यालयको नाम र जिल्ला | शुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन | | बांकी दफा र बेरुजू | | | | | | असूली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असूल | प्रमाण | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला विकास समितिको कार्यालय | ४० | २३,२७६ | ५ | - | ३५ | १,२६८ | ८७४ | ४,३६२ | १६,७७२ | **२३,२७६** | - | - | - |
| २ | सिंचाई विकास डिभिजन | १२ | २ | ५ | - | ७ | १ | १ | - | - | **२** | - | - | - |
| ३ | जिल्ला स्वास्थय कार्यालय | २२ | १०८ | ५ | - | १७ | ६८ | ३० | १० | - | **१०८** | - | - | - |
| ४ | खानेपानी तथा सरसफाइं डिभिजन | १५ | १,४३५ | ४ | - | ११ | - | १,४३५ | - | - | **१,४३५** | - | - | - |
| ५ | जिल्ला शिक्षा कार्यालय | २८ | ३८,७०८ | १३ | ३,२४२ | १५ | - | ३४,४६६ | १,००० | - | **३५,४६६** | - | ३० | ३० |
| ६ | जिल्ला प्राविधिक कार्यालय | १० | ६,४२२ | ४ | - | ६ | १७ | - | - | ६,४०५ | **६,४२२** | - | - | - |
| ७ | सालभ्रूण्डी सन्धिखर्क ढोरपाटन सडक | १५ | ३६,६७० | ५ | - | १० | १५४ | - | ३,८०० | ३२,७१६ | **३६,६७०** | ५० | - | ५० |
| ८ | हरिहर संस्कृत विद्यापीठ | १ | ३२४ | - | - | १ | - | ३२४ | - | - | **३२४** | - | - | - |
| ९ | जिल्ला पशु सेवा कार्यालय | १ | १,०१२ | - | - | १ | - | - | - | १,०१२ | **१,०१२** | - | - | - |
| | **कुल जम्मा:** | **१४४** | **१०७,९५७** | **४१** | **३,२४२** | **१०३** | **१,५०८** | **३७,१३०** | **९,१७२** | **५६,९०५** | **१०४,७१५** | **५०** | **३०** | **८०** |

***द्रष्टव्य:***

- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | **बजेट खर्च** | |
| राजस्व बांडफांड आम्दानी खाता | १,९४०,५८२.५६ | जि.वि.स. अनुदान (चालु) | ३६,६२५,७२१/- |
| आन्तरिक आम्दानी खाता | ७,४९५,६२८.१४ | गा.वि.स. अनुदान (चालु) | ९१,३७८,६२७/- |
| कर्मचारी कल्याण कोष | ९३८,७९९.९७ | **अन्य खर्च** | |
| कल्याणकोषको रकम मुद्धतीमा | ७,०००,०००/- | आन्तरिक कोष खर्च खाता | ७,९९५,३११/- |
| धरौटी | ९,४६६,४३४.९२ | राजस्व बांडफांड (पूंजीगत खर्च) | ६,८२२,९५२/- |
| वैकल्पिक उर्जा | ६८२,३९२.३० | वैकल्पिक उर्जा | १,६१७,९६०/- |
| सडक बोर्ड नेपाल | ३४७,७३९.३१ | सडक बोर्ड नेपाल | १२,०००/- |
| यू.एन.एफ.पी.ए. | २७८,४३५.३४ | यू.एन.एफ.पी.ए. | ६,०६८,१४४/- |
| राजश्व बांडफांड विद्युत रोल्यटी | ८९३,४७७/- | मर्मत संभार कोष खाता | २,१६१,९४०/- |
| भारतीय राजदुतावास सहयोग कार्यक्रम | ३,१९२,५०५.२९ | मालपोत खर्च खाता | ५००,०००/- |
| माटो व्यवस्थापन | १२,०००/- | प्रकोप व्यवस्थापन खाता | २४४,५०१/- |
| मर्मत संभार कोष खाता | १,५७४,१००/- | राजस्व बांडफांड विद्युत रोल्यटी | १७,५५७/- |
| कर्मचारी वीमा | ६०५,५००/- | उपभेक्ता समूह जनसहभागिता | १७५,२००/- |
| उपभोक्ता समूह जनसहभागिता | ३००,२००/- | भारतीय राजदुतावास सहयोग कार्यक्रम | ४,०८४,३७२.२९ |
| मानव संशाधन | ९८,४२६.४१ | गरिवसंग विश्वश्वर विउपूंजी खाता | १७६,२४०/- |
| संस्कृत, पर्यटन तथा नागरिक उडड्यन | ७,५९०/- | गरिवसंग विश्वश्वर कार्यक्रम चालु | १८,९६०/- |
| प्रकोप व्यवस्थापन खाता | ६८०,०००/- | चुरे आसपास पुन भरण पोखरी | २००,०००/- |
| उर्जा तथा वातावरण कोष खाता | २,०८०,०९४.५० | जि.वि.स. कोष विविध चालु | ७५,०००/- |
| महिला तथा बाल विकास कोष खाता | १००,०००/- | उर्जा तथा वातावरण कोष खाता | २,०६४,१८२/- |
| मालपोत खर्च खाता | ३३५,८००/- | कर्मचारी कल्याण कोष | २,०४०,८९८/- |
| पश्चिम नेपाल ग्रामिण खानेपानी तथा स.स.का. | १४८,३३५/- | **धरौटी खर्च** | |
| लै.स.सा.स.सम्बन्धी कार्यक्रम | १२,६००/- | खाता नं.३००१ ग ३ | ५,३६९,९६९/- |
| गरिवसंग विश्वश्वर विउपूंजी खाता | ८६७,६१०.९१ | **मौज्दात** | |
| गरिवसंग विश्वश्वर कार्यक्रम चालु | १९,०९५.०७ | (क) बैक मौज्दात | |
| स्थानीय विकास कोष पूँजीगत खाता | ३३५,११४/- | राजश्व बांडफांड आम्दानी खाता | १,०३८,७६७.५६ |
| वातावरण कोष खाता | १०,०००/- | आन्तरिक आम्दानी खाता | ८,३५०,३२०.७६ |
| गरिवी निवारण तथा सामाजिक परिचालन | ७५,३५९/- | वैदेशिक तथा अन्य संस्था कोष खाता | ५,२६३,४९१.१० |
| मालपोत आय खाता | ८०१,५५८/- | कर्मचारी कल्याण कोष | ८,६५३,५१८.८८ |
| ख) सापटी मौज्दात (मिन्क्ए र जि.वि.कोष) | ९७६,२७६/- | धरौटी | ७,०९०,७९०.९२ |
| **नेपाल सरकारको अनुदान** | | मर्मत संभार कोष खाता | १,७७२,१६०/- |
| जि.वि.स. अनुदान (चालु) | ३६,६२५,७२१/- | मानव संशाधन | १६१,०२६.४१ |
| गा.वि.स. अनुदान (चालु) | ९१,३७८,६२७/- | प्रकोप व्यवस्थापन खाता | ४८५,४९९/- |
| **आन्तरिक श्रोत** | | ऊर्जा तथा वातावरण कोष खाता | १५,९१२.५० |
| (क) कर दस्तुर सेवा शुल्क र भाडा | ८,८५०,००३.६२ | महिला तथा बाल विकास कोष खाता | १५०,०००/- |
| (ख) राजश्व बांडफांडबाट | ५,०४५,२१७/- | गरिवसंग विश्वेश्वर कार्यक्रम | १,१३७,४५१.९८ |
| **अन्य श्रोत:** | | वातावरण कोष खाता | ७९,५९०/- |
| कर्मचारी कल्याण कोष (मू व्याज समेत) | २,१५०,११६.९१ | गरिवी निवारण तथा सामाजिक परिचालन | १२५,३५९/- |
| सडक बोर्ड नेपाल | १,१६०,०००/- | ख) सापटी मौज्दात र जि.वि.कोष) | ९७६,२७६/- |
| वैकल्पिक उर्जा इकाई | १,४७१,९७८/- | | |
| मर्मत संभार कोष खाता | २,३६०,०००/- | | |
| मानव संशाधन | ५०,०००/- | | |
| यू.एन.एफ.पी.ए. | ६,०९९,२२९/- | | |
| गरिवसंग विश्वश्वर विउपूंजी खाता | ११०,८३२/- | | |
| गरिवी निवारण तथा सामाजिक परिचालन | ५०,०००/- | | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| बातावरण कोष खाता | ५०,०००/- | | |
| चुरे आसपास पुन भरण पोखरी | २००,०००/- | | |
| जि.वि.स. कोष विविध चालु | २००,०००/- | | |
| भारतीय राजदूतावास सहयोग कार्यक्रम | ८९१,८६७/- | | |
| प्रकोप व्यवस्थापन खाता | ५०,०००/- | | |
| अन्य विविध कोष खातामा निकासा उर्जा | ६६७,६४०/- | | |
| महिला तथा बाल विकास कोष खाता | ५०,०००/- | | |
| **धरौटी आम्दानी** | | | |
| खाता नं.३००१ ग ३ | २,९९४,३२५/- | | |
| **आन्तरिकतर्फको जम्मा** | **२०१,७३१,२१०/२५** | | **२०२,९४९,६९८/४०** |
| **केन्द्रीय अनुदानतर्फ** | | **केन्द्रीय अनुदानतर्फ** | |
| गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डको सचिवालय | ६५८,७३३/- | गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डको सचिवालय | ६५८,७३३/- |
| जेष्ठ नागरिक, अशक्त, अपाग, लोमोन्मुख जाति तथा एकल महिला सरक्षा व्यवस्था | १८०,५२०,७००/- | जेष्ठ नागरिक, अशक्त, अपाग, लोमोन्मुख जाति तथा एकल महिला सरक्षा व्यवस्था | १८०,५२०,७००/- |
| स्थानीय निकाय वित्तीय आयोग | २८५,२२५/- | स्थानीय निकाय वित्तीय आयोग | २८५,२२५/- |
| अपेक्षित उत्पिडित र दलित वर्ग उत्थान विकास समिति | ३६८,१८०/- | अपेक्षित उत्पिडित र दलित वर्ग उत्थान विकास समिति | ३६८,१८०/- |
| पिछडिएको समुदाय उत्थान विकास | १००,०००/- | पिछडिएको समुदाय उत्थान विकास | १००,०००/- |
| ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ३,३५४,३१०/- | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ३,३५४,३१०/- |
| ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ५,८६२,६४०/- | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ५,८६२,६४०/- |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ५१६,०२०/- | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ५१६,०२०/- |
| स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २०,९२९,७४०/- | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २०,९२९,७४०/- |
| झोलूगेपूल क्षेत्रगत कार्यक्रम | २१,५९७,०९२/- | झोलूगेपूल क्षेत्रगत कार्यक्रम | २१,५९७,०९२/- |
| स्थानीय सासन तथा सामुदायिक विकास कार्यक्रम | १७,४१०,२४५/- | स्थानीय सासन तथा सामुदायिक विकास कार्यक्रम | १७,४१०,२४५/- |
| पशि्चम नेपाल ग्रा.खा.पा. तथा सरसफाई कार्यक्रम | ९,७४५,७४५.१५ | पशि्चम नेपाल ग्रा.खा.पा. तथा सरसफाई कार्यक्रम | ८,७९०,१०७/- |
| पशि्चम नेपाल ग्रा.खा.पा. तथा सरसफाई कार्यक्रम | १३,९२०,४७०/- | पशि्चम नेपाल ग्रा.खा.पा. तथा सरसफाई कार्यक्रम | १३,६५७,६२०/- |
| स्थानीयस्तरका सडकपूल तथा सामुदायिक पहुंच सुधार परियोजना | १३,९१४,३०८/- | स्थानीयस्तरका सडकपूल तथा सामुदायिक पहुंच सुधार परियोजना | १३,९१४,३०८/- |
| साना सिंचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | ६,१४४,५९७/- | साना सिंचाई नदी नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | ६,१४४,५९७/- |
| गरिवसंग विश्वेश्वर कार्यक्रम | २,१२२,२७६/- | गरिवसंग विश्वेश्वर कार्यक्रम | २,१२२,२७६/- |
| निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३६,२०२,९८८/- | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३६,२०२,९८८/- |
| आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | १०,५३१,२६०/- | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | १०,५३१,२६०/- |
| रोयल्टी व्यवस्थापन तथा वितरण | ११,९०१,०००/- | रोयल्टी व्यवस्थापन तथा वितरण | ११,९०१,०००/- |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | २,६७३,४८२/- | संस्कृति प्रवर्द्धन कार्यक्रम | २,६७३,४८२/- |
| स्थानीय शान्ति समिति | ७६३,०००/- | स्थानीय शान्ति समिति | ७६३,०००/- |
| संचित बिदा | ३००,०००/- | संचित बिदा | ३००,०००/- |
| औषधि उपचार खर्च | ४३२,०००/- | औषधि उपचार खर्च | ४३२,०००/- |
| गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डको सचिवालय | २०,०००/- | गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डको सचिवालय | २०,०००/- |
| **केन्द्रिय अनुदानको जम्मा** | **३६०,२७४,०११/१५** | **केन्द्रिय अनुदानको जम्मा** | **३५९,०५५,५२३/-** |
| **कुल जम्मा** | **५६२,००५,२२१/४०** | **कुल जम्मा** | **५६२,००५,२२१/४०** |

*अनुसूची - ४*

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समितिको कार्यालय, अर्घाखांची | स्था.वि.अ. श्री लक्ष्मी पाण्डे गौतम | ले.अ. श्री खिम प्रसाद अर्याल |
| २ | जिल्ला स्वास्थ्य कार्यालय, अर्घाखांची | का.प्र. डा. श्री जगन्नाथ तिवारी | ले.अ. श्री बिष्ण प्रसाद आचार्य |
| ३ | जिल्ला शिक्षा कार्यालय, अर्घाखांची | जि.शि.अ. श्री सुरेन्द्रराज पराजुली | ले.अ. श्री ठाकुर कुमार श्रेष्ठ |
| ४ | जिल्ला प्राविधिक कार्यालय, अर्घाखांची | ई. श्री नविन श्रेष्ठ | स.ले.पा. श्री गोविन्द अधिकारी |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन, अर्घाखांची | सि.डि.ई. श्री सुरत कुमार बम | ले.अ. श्री सुकदेव ज्ञवाली |
| ६ | सिंचाई विकास डिभिजन, अर्घाखांची | सि.डि.ई. श्री टंक बहादुर के.सी. | ले.पा. श्री लोक प्रसाद श्रेष्ठ |
| ७ | सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, अर्घाखांची | सि.डि.ई. श्री सुरेश पौडेल | ले.अ. श्री हिराधर आचार्य |
| ८ | हरिहर संस्कृत विद्यापीठ, अर्घाखांची | ले.अ. श्री कुल चन्द्र पौडेल | ले.अ. श्री कुल चन्द्र पौडेल |
| ९ | जिल्ला पशु सेवा कार्यालय, अर्घाखांची | प.चि. डा. श्री रामनारायण मण्डल | ले.पा. श्री मोहन प्रसाद घिमिरे |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np